

के तपाईको घर पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing ले गर्नें छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।
सम्पर्कः प्रगति ट्रेड कन्सर्न
रानीपौवा, पोखरा-११ (रन्जित पार्टी प्यालेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्कः
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २३ ❑ अङ्क २६६ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७९ असोज ३० गते आइतबार ❑ 16 Oct. 2022 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।-


## 'मंसिर ४ को निर्वाचनमा एक प्रतिशतभन्दा कम मत बदर'

पोखरापत्र संवाददाता
पोखरा, २९ असोज

प्रमुख निर्वाचन आयुक्त दिनेशकुमार थपलियाले आगामी मङ्सिर ४ गते हुने निर्वाचनमा एक प्रतिशतभन्दा कम मात्रै मत बदर हुनेगरी निर्वाचन आयोगले काम गरिरहेको बताउनुभएको छ।



नेपाल टेलिभिजनद्वारा जिल्ला संवाददाताका लागि पोखरामा आयोजित तीनदिने निर्वाचन रिपोटिङ तथा पुनर्ताजगी तालिमको शनिबार उद्घाटन गर्दै उहाँले स्थानीय तहको निर्वाचनबाट अनुभव लिएर आगामी निर्वाचनलाई थप स्वच्छ तथा सफल बनाउन आयोगले विभिन्न नयाँ व्यवस्था गरेको बताउनुभयो।

निर्वाचनलाइ स्वच्छ र निष्पक्ष बनाउन सामाजिक सञ्जालको नियमन चुनौतीपूर्ण बनिरहेको उल्लेख गर्दै उहाँले उम्मेदवारले फेसबुकलगायतका सामाजिक सञ्जालमार्फत गर्ने सम्पूर्ण खर्चको आयोगले नियमन गर्ने संयन्त्र बनाइरहेको जानकारी दिनुभयो। नेपाल टेलिभिजनका कार्यकारी अध्यक्ष समीरजङ्ग शाहले नेपाल टेलिभिजनबाट आगामी निर्वाचनलाई सफल पार्न केन्द्रदेखि जिल्लासम्मका सबै समाचारदाताले जिम्मेवारी पूरा गर्न क्रियाशील बन्ने बताउनुभयो। नेपाल टेलिभिजनका महाप्रबन्धक फूलमान बलले नेपाल टेलिभिजनको लोकप्रियता कायम राख्न र आगामी निर्वाचनमा संवाददाताको महत्वपूर्ण भूमिका रहने बताउनुभयो।

कार्यक्रममा गण्डकी प्रदेशका प्रमुख सचिव रविलाल पन्त, वरिष्ठ पत्रकार तथा नेपाल पत्रकार महासङ्घका पूर्वध्यक्ष शिव गाउँले, नेपाल पत्रकार महासङ्घका पूर्वध्यक्ष डा सुरेश आचार्य, पत्रकार सङ्गीता लामा, नेपाल टेलिभिजनका कार्यक्रम प्रमुख डा टङ्क उप्रेती र वरिष्ठ क्यामरापर्सन पुरुषोत्तम घिमिरेले प्रशिक्षण गर्नुभएको थियो। तालिममा गण्डकी र बागमती प्रदेशका गरी ४५ जना जिल्ला संवाददाताको सहभागिता छ।

## 'निर्वाचनमा सक्रिय सहभागिता आवश्यक'

पोखरापत्र संवाददाता
पोखरा, २९ असोज

गण्डकी प्रदेश प्रमुख पृथ्वीमान गुरुङले लोकतन्त्रलाई सुदृढ गर्न आउँदो मङ्सिर ४ गते सम्पन्न हुने प्रतिनिधि तथा प्रदेशसभा सदस्य निर्वाचनमा नेपाली जनताको सक्रिय सहभागिता आवश्यक रहेको बताउनुभएको छ।

नेपाली जनताले राजतन्त्र फालेर सङ्घीय लोकतान्त्रिक व्यवस्था स्थापना गरेकाले लोकतन्त्र जीवन्त राख्न आम नेपालीले निर्वाचनमा सक्रिय सहभागी हुनुपर्ने उहाँको भनाइ थियो। धार्मिकरुपमा प्रसिद्ध विन्ध्यवासिनी धार्मिक क्षेत्र विकास समितिद्वारा शनिबार मन्दिर परिसरमा आयोजित कार्यक्रममा प्रदेश प्रमुख गुरुङले कुनै पनि प्रलोभन, लोभ लालच, डर, धाक र धम्कीमा नपरी आफ्नै विवेक प्रयोग गरी मतदान गर्न आग्रह गर्नुभयो।

"लोकतन्त्रमा जनतानै शक्तिशाली हुन्छन, निर्वाचनमा प्रत्येक भोटको उत्तिकै महत्व हुन्छ, जितेर गएका नेताले पनि जनताकै सेवा गर्नुपर्ने हुन्छ, त्यसैले लोकतन्त्रलाई बचाउन सबै नेपाली लागौँ", प्रदेश प्रमुख गुरुङले भन्नुभयो।

## जनतालाई मालिक बनाउने गरी काम गर्छौं : वरिष्ठ नेता पौडेल

पोखरापत्र संवाददाता
तनहुँ, २९ असोज

नेपाली कांग्रेसका वरिष्ठ नेता रामचन्द्र पौडेलले जनतालाई मालिक बनाउने गरी काम गर्ने सपना रहेको बताउनुभएको छ।

व्यास नगरपालिका-१२ स्थित कमलबारीमा शनिबार आयोजित कार्यकर्ता भेटघाट कार्यक्रममा उहाँले सङ्घीय लोकतान्त्रिक गणतन्त्रको रक्षा गर्दै देशमा सुशासन कायम गर्नु अहिलेको मुख्य लक्ष्य रहेको बताउनुभयो। सहिदको बलिदानबाट प्राप्त भएका जनताका अधिकारलाई कुठाराघात गर्ने प्रवृत्ति हावी हुँदै गएकाले त्यसको रक्षाका लागि गठबन्धनले खबरदारी गर्दै आएको उहाँको भनाइ थियो। "मेरो अन्तिम इच्छा भनेको मैले गरेका अधुरा काम पूरा गर्नु छ, तपाईंहरूसँग मलाई एकपटक विजयी गराउन आग्रह गर्छु।" नेता पौडेलले गाउँमा विकास र रोजगारी सिर्जना गर्न जनतालाई मालिक बनाउने बताउनुभयो। "विदेशिने युवा शक्तिलाई स्वदेशमा बसेर रोजगारी गर्ने वातावरण मिलाइने गरी काम गरिनेछ", उहाँले भन्नुभयो। गठबन्धनका प्रदेशसभा सदस्यका उम्मेदवार एवं नेकपा (माओवादी केन्द्र)का पोलिटब्युरो सदस्य हरिबहादुर चुमानले गठबन्धन सत्ता, पद, निर्वाचनका लागि मात्रै नभई राष्ट्रियतासँग जोडिएको बताउनुभयो। देशमा सुशासन कायम गर्न सकिए मात्रै प्रजातन्त्रको स्थायित्व र भ्रष्टाचारलाई निरुत्साहित गर्न सकिने उहाँले बताउनुभयो। "कांग्रेस एक्लैले दुई तिहाइको बहुमत ल्याउन नसक्ने हुँदा देशको विकासमा काँचुली फेर्न गठबन्धन गरेर अघि बढ्न आवश्यक देखिएकाले सँगै हातेमालो गर्दै अघि बढेका हौँ", उहाँले भन्नुभयो।

ग ठ ब न्ध न का उम्मेदवारले कार्यकर्ता भेटघाट कार्यक्रमको तालिका बनाएर शुक्रबारदेखि तनहुँ क्षेत्र नं १ अन्तर्गतका विभिन्न वडामा पुगेर घरदैलो कार्यक्रमलाई तीव्रता दिन थालेका छन्।

## वाम लोकतान्त्रिक गठबन्धन निर्वाचनका लागि नभई संविधानको रक्षाका लागि हो : अध्यक्ष दाहाल

पोखरापत्र संवाददाता
गोरखा, २८ असोज

नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) का अध्यक्ष पुष्पकमल दाहाल (प्रचण्ड) ले वर्तमान बामलोकतान्त्रिक गठबन्धन निर्वाचनका लागि नभई संविधानको रक्षाका लागि बनेको बताउनुभएको छ।

यहाँस्थित सत्ता गठबन्धनले आज आयोजना गरेको अगुवा कार्यकर्ता भेला तथा प्रशिक्षणलाई सम्बोधन गर्दै उहाँले संविधान नै खतरामा परेका बेला वर्तमान संविधानको रक्षाका लागि गठबन्धन बनेको बताउनुभयो।

"यो अहिलेको निर्वाचनका लागि गठबन्धन बनेको होइन", अध्यक्ष दाहालले भन्नुभयो, 'संविधान ध्वस्त पार्ने अवस्था आएपछि त्यसको रक्षाका लागि गठबन्धन निर्माण गरिएको हो।" उहाँले संविधान रक्षा गर्न गठित गठबन्धन निर्वाचनसम्म आइपुगेको बताउनुभयो। "पटक-पटक संविधान च्यात्ने कोसिस भएपछि यही गठबन्धनले संविधानको रक्षा गरेको हो", उहाँले भन्नुभयो, "अब यसलाई मङ्सिर ४ गतेको चुनावमा सदुपयोग गर्नुपर्छ।" फरक प्रसङ्गमा अध्यक्ष दाहालले आफू नयाँ रेकर्ड बनाउने उद्देश्यसहित गोरखामा निर्वाचन लड्न लागेको भन्दै यसको छुट्टै महत्व रहेको समेत बताउनुभयो। "गोरखा जिल्ला आफ्नो लागि अपरिचित जिल्ला होइन", उहाँले भन्नुभयो, "गोरखाको भूगोल, संस्कृति र जनतालाई मैले राम्रोसँग बुझेको छु।" उहाँले आफू गोरखा २ नम्बर क्षेत्रबाट निर्वाचन लड्न लागेको भए पनि समग्र गोरखा जिल्लालाई आधार बनाएर देशको आर्थिक समृद्धिको थालनी पनि गोरखाबाट नै गर्ने बताउनुभयो। नेपालमा थुप्रै राजनीतिक परिवर्तन भए पनि आर्थिक समृद्धिसँग जोडेर अघि बढाउन नसक्दा दिगो हुन नसकेको उहाँको भनाइ थियो।

## मतदान केन्द्र अपाङ्गतामैत्री बनाउन आग्रह

पोखरापत्र संवाददाता
तनहुँ, २८ असोज

मङ्सिर ४ गते हुने प्रतिनिधि तथा प्रदेशसभा सदस्यको निर्वाचनमा मतदान केन्द्र अपाङ्तामैत्री बनाउन आग्रह गरिएको छ। सहृदयी मञ्च तनहुँ नेपालको आयोजना तथा तनहुँमा अपाङ्गताको क्षेत्रमा काम गर्दै आएका क्रियाशील संस्थाका पदाधिकारीले शुक्रबार जिल्ला निर्वाचन अधिकृतलाई भेट गरी आफ्ना चासो व्यक्त गरेका हुन्।

प्रतिनिधिसभा तथा प्रदेशसभा निर्वाचन, २०७९ लाई कसरी अपाङ्गतामैत्री बनाउन सकिन्छ भन्ने विषयमा व्यापकरूपमा छलफल भएको सहृदयी मञ्च तनहुं नेपालका अध्यक्ष सावित्री सुवेदीले जानकारी दिनुभयो। जिल्ला निर्वाचन कार्यालय तनहुँका


बाँकी अन्तिम पृष्ठमा ▶▶


## प्राकृतिक स्रोत र साधनलाई जोगाउ : प्रमुख आचार्य

पोखरापत्र संवाददाता
पोखरा, २९ असोज

पोखरा महानगरपालिकाका प्रमुख धनराज आचार्यले प्राकृतिक स्रोत र साधनलाई जोगाउदै उपभोग गर्नु पर्ने बताएका छन्।

पोखरा महानगरपालिकका वडा नं २६ मा रहेको गुँदे वातावरण संरक्षण तथा मत्स्य सहकारी सस्थाको तेस्रो साधारण सभा तथा दोस्रो अधिवेशनको उद्घाटन गर्दै प्रमुख आचार्यले प्रकृतिले दिएका बरदानलाई सके सपार्ने नसके नविगारी तिनलाई उपभोग गर्नु पर्ने धारणा राखेका हुन्। कास्कीमा रहेका सवै तालको सुन्दरता बढाउने गरि महानगरपालिकाले कार्ययोजना ल्याउन लागेको बताउदै प्रमुख आचार्यले ताललाई आय आर्जनका लागि माछा पालन र पर्यटकिय क्षेत्रको रुपमा विकास गराउन सकिने सुझाव समेत राखेका थिए। सस्थाका अध्यक्ष ठाकुर प्रसाद ढुगानाको अध्यक्षतामा भएको कार्यक्रममा खास्टेताल मत्स्य सहकारी सस्थाका सचिव विष्णुहरि ढुगाना,पोखरा महानगरपालिका वडा नं २६ का वडा सदस्य सुदिपराज ढुगाना र शिक्षा उप समितिकी सदस्य मीरा भण्डारी लगाएतले आफनो धारणा राखेका थिए। सस्थाका सचिव दिपेन्द्र भण्डारीले संचालन गरेको कार्यक्रममा स्वागत मन्तव्य उपाध्यक्ष मिनकुमारी बरालले गरेकी थिईन। सस्थाले आप आर्जनका लागि तालको संरक्षण गर्दै माछा पालनलाई अगाडी वढाएको छ।

## ह्यण्डबलमा गण्डकी र सेनालाई स्वर्ण पदक

पोखरापत्र संवाददाता
पोखरा,२९ असोज

नवौँ राष्ट्रिय खेलकुद प्रतियोगिताअन्तर्गत ह्याण्डबलमा पुरुषतर्फ आयोजक गण्डकी प्रदेश र महिलातर्फ विभागीय नेपाली सेनाले स्वर्ण पदक जितेका छन्।

गण्डकी प्रदेशको राजधानी सहर पोखरामा यही असोज २४ गतेदेखि जारी ह्याण्डबलको प्रतिस्पर्धाको शनिबार सम्पन्न फाइनलमा गण्डकीले स्वर्ण जितेको हो। जारी नवौँ राष्ट्रिय खेलकुदमा गण्डकीको यो पहिलो स्वर्ण हो। यसअघि आठौँ राष्ट्रिय खेलकुदमा पनि गण्डकीले ह्याण्डबलमा स्वर्ण जितेको थियो। पुरुषतर्फको फाइनल खेलमा गण्डकीले विभागीय आर्मीमाथि ४३-३६ गोल अन्तरको निकाल्न सफल भयो। प्रतियोगितामा उपविजेता बनेको सेनाले रजत पदक पायो। फाइनल खेलमा उत्कृष्ट प्रदर्शन गर्नुभएका पुरुषतर्फ गण्डकीका गोलरक्षक विशाल नेपाली र महिलातर्फ सेनाका देवु सापकोटालाई गण्डकी प्रदेशका निवर्तमान सदस्य सचिव तेज गुरुङ र भारतीय ओलम्पिक कमिटीका कोषाध्यक्ष आनन्देश्वर पाण्डेले जनही रु १०/१० हजार प्रदान गर्नुभयो।

प्रतियोगितामा विभागीय सशस्त्र प्रहरीको एपिएफले कास्यपदक जितेको छ। एपिएफले तृतीय स्थानका लागि भएको खेलमा लुम्बिनी प्रदेशलाई


बाँकी अन्तिम पृष्ठमा ▶▶



धुम्रपान नगरौं, स्वस्थ जीवन बाँचौं

◆ धुम्रपानले मुटु, दम, श्वासप्रश्वास, क्यान्सर लगायतका दीर्घकालिन रोग लाग्न सक्छ।
◆ आफू, परिवार तथा समाजका अन्य व्यक्तिलाई धुम्रपानको कुलतमा फस्न नदिऔं।
◆ कुलतमा रहेकाले धुम्रपान त्याग्ने प्रण गरौं।
◆ धुम्रपान गर्नेहरुको संगतबाट टाढा रहौं।
◆ धुम्रपानले तपाई र परिवार सबैलाई असर पुऱ्याउँछ। त्यसैले,
धुम्रपान नगरौं, स्वस्थ जीवन बाँचौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस्।

हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# प्रकट पगेनी 'शिव' गीतकार सम्मानबाट सम्मानित

**पोखरापत्र संवाददाता**
**पोखरा, २९ असोज**

गीतकार प्रकट पगेनी 'शिव' गीतकार सम्मान-२०७९ बाट सम्मानित भएका छन् । गीतकार प्रतिष्ठान, नेपालले पोखरामा शनिबार आयोजना गरेको आफ्नो दोस्रो वार्षिक साधारण सभाका अवसरमा पगेनीलाई सम्मान गरेको हो ।



नगद ५ हजरा ५५५ रुपैयाँसहित दोसल्ला र सम्मान पत्र रहेको उक्त सम्मान नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा-प्रतिष्ठानका पूर्व कुलपति सरुभक्त, प्रतिष्ठानकै संस्थापक सदस्य सचिव तीर्थ श्रेष्ठ र संस्थाका अध्यक्ष हरिहर खनियाले संयुक्त रूपमा पगेनीलाई प्रदान गरे । सम्मान ग्रहण गरेपछि पगेनीले साहित्यका विभिन्न विधामा कलम चलाए पनि आफ्नो सर्वप्रिय विधा गीत नै भएको जनाए । सम्मानले गीतमै समर्पित हुन थप हौस्याएको भन्दै निकट भविष्यमै 'आउँदा-जाँदा दोबाटोमा' नामक गीत सङ्ग्रह प्रकाशन गर्ने तयारीमा लागेको उनले बताए । उनको यसअघि 'जूनको चिठी जुनालाई' र 'यो मन कतै अल्झेको छ' नामक २ गीत सङ्ग्रह प्रकाशित छन् । यसका साथै प्रणयवेदका ऋचाहरू (गजल सङ्ग्रह) र अक्षरभरि अक्षता (कविता सङ्ग्रह) उनका प्रकाशित कृतिहरू हुन् । पगेनीको स्रष्टा परिचय प्रतिष्ठानकै सहसचिव रुपिन्द्र प्रभावीले प्रस्तुत गरेका थिए ।

कार्यक्रममा सरुभक्तले जुनसुकै विधामा कलम चलाए पनि समाजलाई सकारात्मक सन्देश दिनुपर्नेमा जोड दिए । साहित्यका अन्य विधामा जस्तै गीत गरिने 'प्रयोग' स्वीकार्य हुनुपर्ने भन्दै उनले गीतको क्षेत्र व्यापक रहेको बताए । नेपाली गीति साहित्यको मौलिकता लोकगीतमै रहेको भन्दै उनले कसैले बनाएको निश्चित 'फर्म्याट'मा मात्रै गीत लेखिनुपर्ने मान्यताबाट माथि उठ्नुपर्ने बताए ।

साहित्यकार तीर्थ श्रेष्ठले आजको समयमा पनि गीतकारले दामका कुरा छोडौं, नाम नै माग्नुपर्ने अवस्था रहनु बिडम्बना रहेको धारणा राखे । गीतको जननी गीतकार नै भएको भन्दै कुनै गायक/गायिकाको नाम लिएर तिनकै गीत भनिने प्रचलनप्रति असन्तुष्टि राखे । गायक/गायिकाले मञ्चमा गायन प्रस्तुत गरेबापत पाएको पारिश्रमिकको केही अंश गीतकार र सङ्गीतकारलाई पनि दिनुपर्ने उनको माग थियो । गीतकारहरूले पनि गीत रेकर्डका लागि कसैको पाउ पर्ने प्रवृत्तिबाट टाढिएर स्वाभिमानपूर्वक लेखनमा लाग्नुपर्नेमा उनको जोड थियो । गीत गेय विधा भए पनि वाचनकै माध्यमबाट पनि दर्शक/स्रोतालाई रसास्वादन गराउन सकिने भनाइ उनले राखे । स्मरण रहोस्, नेपालमै पहिलो पटक गीतकार प्रतिष्ठानले श्रेष्ठको एकल गीत वाचन सम्पन्न गरिसकेको छ ।

प्रतिष्ठानका अध्यक्ष हरिहर खनियाको अध्यक्षतामा भएको कार्यक्रममा सचिव अनुराग अधिकारीले प्रस्तुत गरेका प्रगति र आर्थिक प्रतिवेदन सर्वसम्मतले पारित भएको थियो । कार्यक्रममा आँबुखैरेनी वाङ्मय परिषद्का अध्यक्ष अनिल श्रेष्ठ, गीतल प्रतिष्ठान तथा नाटक मञ्च, तनहुँका अध्यक्ष आकाश अधिकारी, कलाकार कृष्ण मर्सानी, मनु शर्मालगायतले शुभकामना दिएका थिए ।

सोही अवसरमा ३० जनालाई आजीवन सदस्यताको प्रमाण पत्र वितरण गरिएको थियो । उपाध्यक्ष शीतल गिरीको स्वागत र सचिव अनुराग अधिकारीको सञ्चालनमा कार्यक्रम भएको थियो ।

# स्याङ्जामा चुनावी अभियान काँग्रेस घरदैलोमा, एमाले बैठक रणनीतिमा

**श्रीकृष्ण सिग्देल**
**स्याङ्जा, २९ असोज**

असोज २३ गते मनोनयन दर्ता र २६ गते अन्तिम नामावली प्रकाशन भएपछि अहिले उम्मेदवारहरु चुनावी अभियानमा लागेका छन् । राजनीतिकदल र स्वतन्त्रबाट उठेका उम्मेदवारहरु निर्वाचन जित्ने दाउ निकालेर चुनावी अभियानमा लागेका हुन् ।

संघर प्रदेशमा गरी ४९ जना उम्मेदवार स्याङ्जाको चुनावी मैदानमा उत्रेका छन् । आ–आफ्नै एजेण्डा लिएर उम्मेदवार अनि कार्यकर्ताहरु मतमाग्न जनताको सामु पुग्ने अभियान चलाएका छन् । बिशेषगरी काँग्रेस र एमाले बिच हुने प्रतिष्पर्धालाई पेचिलो बनाउदै उम्मेदवारहरु मतमाग्ने क्रममा छन् । नेपाली काँग्रेसले प्रदेशस्तरीय सम्पर्क कार्यालय खोलेर घरदैलो अभियानमा लागिसकेको छ भने नेकपा एमाले वडा स्तरीय बैठक राखेर चुनावी रणनीतिमा लागेको छ । दुई ठुलादलहरु विच साना र स्वतन्त्र उम्मेदवारहरु पनि घरदैलो अभियानमा लागेको छ । स्याङ्जामा सत्तागठबन्धन र एमाले विच हुने निर्वाचन टक्करलाई स्वतन्त्र उम्मेदवारको निकै चुनौती देखिएको छ । दुबै संघिय निर्वाचन क्षेत्रमा राष्ट्रिय स्वतन्त्र पार्टी सहित केही स्वतन्त्र उम्मेदवारहरु निर्वाचनमा होमिएका छन् । नेपाली काँग्रेसले स्याङ्जा संघिय निर्वाचन क्षेत्र नम्वर २ काँग्रेसका केन्द्रीय उपसभापति धनराज गुरुङ र नेकपा एमालेकी केन्द्रीय सचिव पद्मा अर्याललाई उम्मेदवार बनाएको छ । यसै गरी संघिय निर्वाचन क्षेत्र नम्वर १ मा नेपाली



काँग्रेसले जिल्ला सभापति राजु थापा र एमालेका नेता नारायण मरासीनीलाई उम्मेदवार बनाएको छ । यी उम्मेदवार मध्ये गुरुङ् नयाँ र पहिलो पटक जनताको घरदैलोमा पुग्ने अनुहार हो । अर्याल २०७४ सालको निर्वाचनमा निर्वाचित सांसद हुन् भने थापा र मरासीनी २०७० देखिका तिन निर्वाचनमा सगै चुनाव लडेका उम्मेदवार हुन् । थापाले ०७० को निर्वाचनमा मरासिनीलाई पराजित गरेका थिए भने ०७४ को निर्वाचनमा मरासिनीले थापालाई पराजित गरेका थिए । भरखर सम्पन्न स्थानीयतहको निर्वाचनमा स्याङ्जामा काँग्रेस अगाडी देखिएको छ भने एमाले पछाडी देखिएको छ । घात अन्तरघात नभएमा नेपाली काँग्रेसले निर्वाचन सजिलै जित्ने देखिन्छ तर काँग्रेसलाई यो पटक स्वतन्त्र उम्मेदवारको सामाना गर्नुपर्ने बाध्यता छ । एमाले एक ढिक्का भएर लाग्ने रणनीति अख्तियार गरेपनि नेतृत्वले गरेका क्रियाकलापमा कार्यकर्ता असन्तुष्ट देखिएका छन् । एमालेमा भन्दा बढी अन्तरघात काँग्रेसमा हुने भएकाले निर्वाचन आफ्नो पोल्टामा आउनेमा एमाले विश्वस्थ छ । भष्ट्रचारले देश दलदलमा फसकेको बताउदै भष्ट्रचार मात्रै न्युनिकरण गर्न सकियो भने देशले समृद्धि हासिल गर्ने मुद्धा नेपाली काँग्रेसका केन्द्रीय उपसभापति तथा क्षेत्र नम्वर २ का उम्मेदवार धनराज गुरुङ्ले उठाएका छन् । स्याङ्जाको विकासमा बाधक बनेको गौरवको आयोजना सिद्धार्थ राजमार्गको स्तरोन्नती, आँधीखोला हाईड्याम, ग्रामिण सडकलाई व्यवस्थीत्, सुविधा सम्पन्न क्षेत्रिय अस्पताल, प्राविधिक शिक्षालय लगायतका बिषयमा विकास गर्ने विश्वास लिएर गुरुङ जनताको घरदैलोमा पुगेका छन् । विकासका कार्ययोजना तयार भएका र यीनको सम्पन्न गर्न बाँकी रहेको भन्दै एमाले केन्द्रीय सचिव पद्मा अर्याल कार्यकर्ताको बैठक मार्फत जनता सामु पुर्याउने अभियानमा छन् । २ संघिय निर्वाचन क्षेत्र र ४ प्रदेशसभा क्षेत्र रहेको स्याङ्जामा २ लाख ४४ हजार ८९ मतदाता रहेका छन् । संघिय क्षेत्र नम्वर १ को प्रदेश (क) मा ६२ हजार ५ सय ५७ र (ख) प्रदेशमा ६४ हजार ८ सय ५४ मतदाता छन् । यसै गरी संघिय निर्वाचन क्षेत्र नम्वर २ को प्रदेश (क) मा ५४ हजार १ सय ९१ र (ख) मा ६२ हजार ४ सय ८७ मतदाता रहेका छन् ।

# श्री झीगु नेवाः छेः खलको रक्तदानमा ४२ युनिट संकलन

**पोखरापत्र संवाददाता**
**पोखरा, २९ असोज**

श्री झीगु नेवाः छेः खल पोखरा ११, १२ र १३ को आयोजनामा भएको खुल्ला रक्तदान कार्यक्रममा ४२ युनिट रगत संकलन भएको छ ।




पोखरा वडा नं १३ का वडा अध्यक्ष किरण वरालले पहिलो रक्तदाता तथा कार्यक्रमका संयोजक सोनी ढेवाजूलाइ ब्लड व्याग प्रदान गरेर कार्यक्रम सुरु गरिएको थियो ।

वडा अध्यक्ष किरण वरालले झीगु नेवाः छेः खलको भवनका लागि वडा ११, १२ का वडा अध्यक्षहरु सँग सल्लाह भइरहेको जानकारी गराए । रक्तसंचार केन्द्र पोखराका प्रमुख अर्जुन ज्ञवालीले रगत जति दान गर्‍यो उति शरीरमा राम्रो हुने वताए । झीगु नेवाः छेः खल पोखरा ११, १२ र १३ का अध्यक्ष भीम कुमार श्रेष्ठको अध्यक्षतमा भएको कार्यक्रममा बाल गोपाल भजन कृतन सेवा समितिका अध्यक्ष डम्बर वहादुर श्रेष्ठ, झीगु नेवाः छेः खलका उपाध्यक्ष नारायण श्रेष्ठ, पोखरापत्र दैनिकका कार्यकारी सम्पादक शोभाकान्त सिग्देल, झीगु नेवाः छेः खलका कोषाध्यक्ष सोनी ढेवाजू लगायत वोलेको कार्यक्रममा झीगु नेवाः छेः खलका वरिष्ठ उपाध्यक्ष माया देवी तभ्र्याले स्वागत र झीगु नेवाः छेः खल पोखरा ११ उपसमितिका संयोजक सानु जोजिजुले संचालन गरेकी थिइन ।

# कमलपोखरी सहकारीको १४ औं साधारण सभा

**पोखरापत्र संवाददाता**
**पोखरा, २९ असोज**

पोखरा महानगरपालिका वडा नं १३ बाँझापाटन स्थित कमलपोखरी बचत तथा ऋण सहकारी संस्थाको १४औ बार्षिक साधारण सभा शनिवार सम्पन्न भयो ।




वडा नं १३ का वडा अध्यक्ष किरण वरालले साधारण सभाको उद्घाटन गर्दै सहकारी संचालन गर्न संचालक समिति सँगै शेयर सदस्यहरुको पनि ठूलो हात रहने भने । कमलपोखरी सहकारीको संस्थापक कोषाध्यक्ष र संचालक समितिको अध्यक्ष हुँदा असल भुमिका निभाउनुको साथै प्रमुख कार्यकारी भएर सहकारीलाइ माथी उठाउन ठूलो भुमीका गर्न सफल गोबिन्दप्रसाद आचार्यलाइ विशेष सम्मान गरियो । त्यसैगरी उत्कृस्ट कर्मचारीमा दीनरात सहकारीकै चिन्तामा डुब्ने रमेश वराल (रशिक) पनि सम्मान भए ।

कार्यक्रममा सहकारीमा असल कारोबारी गर्ने, शेयर सदस्यका छोराछोरीमा कक्षा ८ मा उत्कृष्ट, एस ई ई मा उत्कृष्ट र दश जोड दुइमा उत्कृष्ट हुने विद्यार्थीहरुलाइ सोही कार्यक्रममा सम्मान गरियो । कमलपोखरी बचत तथा ऋण सहकारी संस्थाका अध्यक्ष माधवप्रसाद आचार्यको अध्यक्षतमा भएको कार्यक्रममा उपाध्यक्ष युवराज त्रिपाठीले स्वागत, सचिव इन्द्रवहादुर कुंवरले संचालन र सहकारीका सात सिद्धान्त शिक्षा उप समितिका संयोजक गोबिन्द गौतमले वाचन गरेका कार्यक्रम संयोजक कुमार केसीले पोखरापत्रलाइ वताए ।

## मतदान...

प्रमुख हरिप्रसाद ढकालसँग अपाङ्गतामैत्री निर्वाचन प्रणाली, मतदाता शिक्षा, अपाङ्गतामैत्री मतदान केन्द्र निर्माण, अपाङ्गता भएका व्यक्तिलाई निर्वाचनमा मतदान केन्द्रसम्म पुग्नका लागि सवारी पासको व्यवस्था हुनुपर्ने जानकारी गराइएको उहाँले बताउनुभयो । व्यास नगरपालिका वडा नं २, ३ र ४ का मतदान केन्द्र अपाङ्गतामैत्री भए/नभएको स्थलगत अवलोकनसमेत गरिएको अपाङ्गता अधिकारकर्मी मदन पौडेलले जानकारी दिनुभयो । सो अवसरमा जिल्ला निर्वाचन अधिकृत ढकालले निर्वाचन मतदान केन्द्र अपाङ्गतामैत्री बनाउन आवश्यक पहलकदमी भइरहेको उहाँले बताउनुभयो ।

उक्त कार्यक्रममा सहृदयी मञ्च तनहुँ नेपालका सचिव कृष्ण थापा, रिसेड तनहुँका उपाध्यक्ष ईश्वर बाँस्तोला, सदस्य किशोर न्यौपाने र यम राई अपाङ्गता महिला सशक्तीकरण समाज तनहुँको सदस्य जानुका खनालगायतको सहभागिता थियो ।

## ह्याण्डबलमा...

पराजित गरेको हो । यसैगरी महिला ह्याण्डबलमा विभागीय सेनाले स्वर्ण पदक जितेको छ । सेनाले अर्को विभागीय टोली एपिएफलाई १७-१६ गोलले हराउँदै स्वर्ण जित्न सफल भयो । प्रतियोगितामा एपिएफले रजतपदक जित्दा गण्डकी प्रदेशले कास्यपदक जितेको छ । नवौं राष्ट्रिय खेलकुद प्रतियोगिताअन्तर्गत गण्डकीका आठ जिल्लामा ३६ खेल सञ्चालन भइरहेका छन् ।

यसैगरी नवौं राष्ट्रिय खेलकुद प्रतियोगिताअन्तर्गत महिला तथा पुरुष साइक्लिङ 'डाउनहिल विधा'को दुवै स्वर्ण नेपाली सेनाले जितेको छ । पोखराको रानीवनमा आयोजित प्रतिस्पर्धामा महिलातर्फ सेनाका निष्मा श्रेष्ठले दुई मिनेट २३ दशमलव ५८ सेकेण्डमा निर्धारित दूरी पार गरी स्वर्ण जित्नुभयो ।

यसैगरी पुरुषतर्फको डाउनहिल प्रतिस्पर्धामा सेनाका राजेश मगरले एक मिनेट ४९ दशमलव १० सेकेण्डमा पूरा गर्दै स्वर्ण जित्नुभयो ।

प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरूको मात्र उपचार भइरहेको छ ।

लक्षणहरु :
» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको ।

सम्पर्क:
स्पार्क बि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

के तपाईमा यौनसम्बन्धी समस्या छ

पुरुषमा देखिने:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि ।

महिलाहरुमा देखिने:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडबडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

मलद्वार सम्वन्धी रोग : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरुषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार

जाँच्ने समय: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म


सम्पर्क स्थान :
माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८५१०८८११८

नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।

कपालको उपचार

कपाल झर्न तुरून्त रोक्ने तथा उमार्ने

के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?
● कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
● चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
● कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन् ।
● कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ । यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला ।



सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रवन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा ।

**सुक्तिसुधा**

जीवन एउटा कहिल्यै समाप्त नहुने बसन्त हो ।
– बी. पी. कोइराला

## सम्पादकीय

# दर्शक विनाको खेल महोत्सव

गण्डकी प्रदेशमा नवौं राष्ट्रिय खेलकुद संचालन भइरहेको छ । पोखरा रंगशालामा उपराष्टपति नन्द बहादुर पुनले शुक्रबार उद्घाटन गरेपछि औपचारिक सुरुवात भएको छ । पोखरा र गण्डकी प्रदेशमा भएको बृहत राष्ट्रिय खेलकुदको उद्घाटन समारोह र अन्य खेल गतिविधिमा पोखरेलीको चासो देखिदैन । पोखरामा हुने खेलकुद महोत्सवमा पोखरेली जनताको उत्साहजनक सहभागिता रहने गरेको थियो । पोखरा महानगर, गण्डकी प्रदेश सरकारले खेलकुद महोत्सवको महत्त्व बुझ्न सकेनन् । सबैको साथ लिन चाहेनन् । पोखरा रंगशाला जति भव्य छ दर्शक खचाखच हुँदा मात्र भव्य देखिन्छ । देशभरिका खेलाडीलाई उत्साह दिने काम दर्शकको भव्य उपस्थितिले हो । त्यो काम गर्न आयोजक स्थानीय सरकार चुके । खेलको महत्त्व बुझेनन् । पोखराको पहिचानमा प्रश्न उठाउने ठाउँ दिएका छन ।

तीनवटै तहको सरकारमा कांग्रेस, माओवादी केन्द्र, एकीकृत समाजवादीको नेतृत्व छ । गठबन्धनले कुनै पनि महोत्सवलाई भव्य रुपमा सम्पन्न गर्न सक्दैन र जनतालाई सहभागी गराउन चाहदैन भन्ने स्पष्ट भएको छ । सामान्यतः बृहत राष्ट्रिय खेलकुदको आयोजनास्थलको रौनक विशेष प्रकारको रहँदै आएको छ । २०३८ सालमा पहिलोपल्ट आयोजित यो प्रतियोगितामा सुरुवाती तीन संस्करणमा अन्चलका आधारमा त्यसपछिका चार संस्करणमा विकाश क्षेत्रअनसार भयो । पछिल्लो समय प्रदेश अनुसार भइरहेको छ । १६ हजार ५०० दर्शक क्षमताको नवनिर्मित पोखरा रंगशालामा मार्चपासमा सहभागी खेलाडी र प्रदर्शनमा सहभागी कलाकार तथा विद्यार्थीलाई छाड्ने हो भने न्यून दर्शकको उपस्थिति थियो ।

प्रदेश र स्थानीय सरकारले पनि राष्ट्रिय खेलकुदलाई भव्य बनाउन खासै जोड गरेको देखिएन । राखेप, प्रदेश र स्थानीय सरकारको प्रभावकारी समन्वय नभएको देखिन्छ । नवौं राष्ट्रिय खेलकुदका लागि भनेर पोखरामा कुनै खेल पूर्वाधार बन्न सकेन।पहिले बनेका संरचनामा संचालन गरेर सरकार राखेपले पोखराको विकास गर्न चाहेको देखिएन। प्रदेश सरकार र पोखरा महानगरपालिकाले पुर्वाधार निर्माणका लागि दबाब दिन सकेनन । यसअघिका दुई संस्करण (सातौं राष्ट्रिय खेलकुद २०७३ र आठौं राष्ट्रिय खेलकुद २०७६)मा स्थानीय परिचालन अहिलेको भन्दा अधिक थियो । आयोजना र व्यवस्थापनमा स्थानीयको गुनासो कमै सुनिएको थियो । यसपल्ट आयोजक उपसमितिका अधिकांश संयोजक पोखरा वा गण्डकी बाहिरका छन् । हतारमा व्यवस्थापनको काम हुँदा खेलाडीहरुले खेलपोशाक, किट र खेल सामाग्री पाउन सकेनन् ।

नवौं राष्ट्रिय खेलकुदको उद्घाटन शुक्रबार गरिएपनि पोखरामा असोज २३ गतेदेखि नै खेलहरु सुरु भएको थियो । अहिलेसम्म भएका खेलस्पर्धामा दर्शकको उपस्थिति नगण्य छ । बृहत राष्ट्रिय खेलकुदमा ३६ खेलका इभेन्टहरु समावेश गरिएका छन् । सात प्रदेश, तीन विभागीय र गैरआवासीय नेपाली संघ (एनआरएनए) गरी ११ टिमका ६ हजार १५७ खेलाडी सहभागी छन् । कास्कीमा अधिकांश खेल हुनेछ । गण्डकीका ८ वटा जिल्लामा नवौंका खेलहरु आयोजना गरिएका छन् । यति ठूलो अवसरलाई उपयोग गरेर पोखराको खेल पुर्वाधार संरचना बनाउन चुकेर पछाडि धकेल्ने काम भएको छ ।

# तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : झमेला बढ्ने | तुला | : अप्रत्यसित लाभ |
| वृष | : कार्यमा सफलता | वृश्चिक | : आर्थिक समस्या |
| मिथुन | : मन चञ्चल | धनु | : मानसिक तनाब |
| कर्कट | : सहयोग मिल्नेछ | मकर | : शारीरिक झमेला |
| सिंह | : सत्कार मिल्नेछ | कुम्भ | : ब्यापारमा लाभ |
| कन्या | : सम्मान मिल्नेछ | मीन | : शत्रुको भय |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।

# मनसुन बाहिरिँदै

**रासस**
**पोखरा, २९ असोज**

यस वर्षको मनसुन शनिबारबाट क्रमशः बाहिरिँदै गएको जल तथा मौसम विज्ञान विभाग, मौसम पूर्वानुमान महाशाखाले जनाएको छ ।

महाशाखाले मनसुन बहिर्गमनसम्बन्धी विशेष मनसुन बुलेटिन निकालेर देशको प्रदेश नं १ बाहेकका प्रदेशबाट मनसुन बाहिरिएको जनाएको हो । 'गत जेठ २२ गते नेपालको पूर्वी भू-भागबाट प्रवेश गरेको यस वर्षको मनसुन शनिबारदेखि नेपालको सुदूरपश्चिम, कर्णाली, लुम्बिनी, गण्डकी र मधेश प्रदेशको पश्चिमी भू-भागबाट बाहिरिएको छ', जारी बुलेटिनमा भनिएको छ । नेपालको बाँकी भू-भागबाट मनसुन बहिर्गमन हुन अझै केही दिन लाग्ने सम्भावना रहेको महाशाखाले उल्लेख गरेको छ । सरदरमा अक्टोबर २ तारिखका दिन नेपालबाट बाहिरिने मनसुन, यस वर्ष औसत मितिभन्दा केही दिन ढिलो गरी बहिर्गमन हुन सुरु भएको छ । मौसम पूर्वानुमान महाशाखाले आवश्यकताअनुसार विशेष मौसम बुलेटिन अद्यावधिक गर्ने पनि जनाएको छ ।

# ७७ जिल्लामा फैलियो डेङ्गु, ४७ को मृत्यु

**रासस**
**काठमाडौं, २९ असोज**

डेङ्गु सङ्क्रमण ७७ वटै जिल्लामा फैलिएको छ । डेङ्गुबाट हालसम्म ४७ जनाको मृत्यु भएको स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले जनाएको छ । गत साउनदेखि हालसम्म ३८ हजार नौ सय १८ जनामा डेङ्गु पुष्टि भएको छ । डेङ्गु सङ्क्रमण रोक्न प्रतिकार्यका कार्य तीव्र पारिएको मन्त्रालयले जनाएको छ ।

मन्त्रालयका अनुसार आज ५२ जनामा कोरोना सङ्क्रमण पुष्टि भएको छ । एक हजार ७६३ नमूना परीक्षण गर्दा सो सङ्ख्यामा कोरोना सङ्क्रमण पुष्टि भएको हो । आज १६ जना कोरोना सङ्क्रमणमुक्त भएका छन् । सक्रिय सङ्क्रमितको सङ्ख्या छ सय ६७ छ ।

नेपालमा हालसम्म १० लाख एक सय २३ जनामा कोरोना सङ्क्रमण पुष्टि भएको छ । नौ लाख ८७ हजार चार सय ३८ कोरोना सङ्क्रमणमुक्त भएका छन् । बाह्र हजार १८ जनाले कोरोना सङ्क्रमणबाट ज्यान गुमाएका छन् । आज ३० हजार आठ ७६ जनाले कोरोना सङ्क्रमण विरुद्धको खोप लगाएका छन् । हालसम्म दुई करोड ३२ लाख आठ हजार चार सय ८४ जनाले खोपको पहिलो मात्रा, दुई करोड २३ लाख २४ हजार नौ सय ३३ जनाले पूर्ण मात्रा र ७९ लाख ७२ हजार सात सय ९१ जनाले अतिरिक्त मात्रा लगाएका छन् ।

# तनहुँमा महिला र दलितलाई कर्मकाण्ड तालिम

**पोखरापत्र संवाददाता**
**तनहुँ, २९ असोज**

विश्व हिन्दू महासङ्घ शुक्लागण्डकी नगर समितिले महिला र दलितलाई पुरोहित तथा कर्मकाण्ड तालिम सञ्चालन गर्दै आएको छ । आठ जना दलित समुदायका सहभागीसहित पैतीस जनालाई समितिले तीन वर्षदेखि तालिम प्रदान गर्दै आएको हो ।

समाजमा हिन्दु धर्मको जगेर्ना गर्नुका साथै पुरोहित उत्पादन गर्ने उद्देश्यले सञ्चालन गरिएको तालिममा महिला र दलित समुदायको सहभागितामा समेत वृद्धि हुन थालेको छ । कर्मकाण्ड तालिममा महिला र दलित समुदायको पहुँच वृद्धि गर्न उनीहरुलाई प्राथमिकता दिएर तालिम सञ्चालन गरिएको नगर समितिका अध्यक्ष नारायणप्रसाद घिमिरेले जानकारी दिनुभयो। उक्त तालिममा विभिन्न समुदायका आठ महिलासमेत सहभागी भएका छन् । उहाँले भन्नुभयो, "यस कार्यले समाज परिवर्तनमा महत्वपूर्ण भूमिका खेल्ने विश्वास गरिएको छ ।" तालिममा सहभागी भएका जसबहादुर परियारले समुदायमा पुरोहित नपाउने समस्याको अन्त्यका लागि तालिम लिएको बताउनुभयो । समुदायमा बाहुन पुरोहित नजाने, आफ्नै समुदायमा भएका केही पुरोहित नभ्याउने समस्याले पूजाआजामा विधि अनुरुप गर्न पाइएको थिएन । उहाँले भन्नुभयो, "दलित समुदायमा पुरोहितको अभाव पूर्ति गर्न तालिम लिएको हुँ ।"

तालिममा सहभागी मध्येकी लक्ष्मी सिग्देलले स-साना कार्यमा पनि पुरोहित नै बोलाउनु पर्ने झन्झटले कठिनाई भोग्नुपरेको बताउनुभयो । आफैले ज्ञान सीप सिकेको अवस्थामा परिवार र समाजमा सहज हुने उहाँको विश्वास छ । दुलेगौंडा स्थित शिवालयमा सञ्चालित तालिममा सहभागि भएकाहरु मध्ये अधिकाशंलाई धर्मको जगेर्नाप्रति चासो छ ।

# कांग्रेससँगको सहकार्य चुनावी तालमेलका लागि मात्र होइन : डा भट्टराई

**पोखरापत्र संवाददाता**
**गोरखा, २९ असोज**

पूर्वप्रधानमन्त्री तथा नेपाल समाजवादी पार्टीका अध्यक्ष डा बाबुराम भट्टराईले नेपाली कांग्रेससँगको सम्बन्ध चुनावी तालमेलका लागि मात्र नभएको बताउनुभएको छ ।

नेपाली कांग्रेस जिल्ला पार्टी कार्यालय गोरखामा शनिबार आयोजित वाम लोकतान्त्रिक गठबन्धन दलका जिल्लास्तरीय नेता कार्यकर्ताको संयुक्त भेला तथा प्रशिक्षण कार्यक्रममा उहाँले समृद्धिका लागि कांग्रेससँगको सहकार्य भएको बताउनुभयो । "प्रतिगमनका विरुद्ध लड्ने क्रममा त हामी सबै एक ठाउँमा आयौं, त्यो आउनु पनि पर्थ्यो", उहाँले भन्नुभयो, "त्योभन्दा माथिको जुन विकास र समृद्धिका कुरा गरिरहेका छौं, त्यसमा पनि वामपन्थी र नेपाली कांग्रेसबीचको सहकार्य नभइकन देशमा दिगो शान्ति हुँदैन, दिगो शान्ति नभए राष्ट्रिय एकता कायम हुँदैन र विकास समृद्धि पनि हुँदैन ।" उहाँले विकास समृद्धिका लागि आफूहरूले कांग्रेससँगको सहकार्यलाई दीर्घकालीन महत्व दिएको विषय भएकोसमेत उल्लेख गर्नुभयो । "यसलाई तपाईंहरू खाली चुनावी तालमेल मात्र नभन्नु होला", उहाँले भन्नुभयो, "कतिपयले कम्युनिष्ट समाजवादी र कांग्रेस माओवादीविपरीत ध्रुव चुनावी स्वार्थका लागि आए भन्नेछ त्यो अपवित्र गठबन्धन हो भन्ने गरेका छन्, तर सबैभन्दा पवित्र गठबन्धन यही हो ।" अध्यक्ष डा भट्टराई गोरखा क्षेत्र नं २ मा आफूले निर्वाचनमा टिकट नपाउने भएर चुनाव नलडेको र प्रचण्डले चितवनमा हार्ने भएकाले गोरखा आएको भन्ने कुरा दुवै भ्रम मात्र रहेकोसमेत बताउनुभयो ।

"मैले गोरखामा टिकट नपाउने भन्ने पनि होइन, मैले हस्तान्तरण गर्न चाहेको थिएँ, त्यो पूरा भएको छ", उहाँले भन्नुभयो, "प्रचण्डले चितवनबाट चुनाव नजित्ने भन्ने थिएन तर इतिहास निर्माणका लागि उहाँ गोरखाबाट चुनाव लड्न आउनुभएको हो ।" "राणा शासनकाविरुद्ध लड्दादेखि राजासँग लड्दासम्म इतिहास निर्माणको थलो गोरखा थियो", उहाँले भन्नुभयो, "अब फेरि एकपटक समृद्धीकरण मोडल पनि गोरखा बन्नसक्छ ।"

# एथ्लेटिक्समा सात स्वर्ण पदकको छिनोपानो

**पोखरापत्र संवाददाता**
**पोखरा, २९ असोज**

नवौं राष्ट्रिय खेलकुद प्रतियोगिताअन्तर्गत एथ्लेटिक्स विधातर्फ सात स्वर्णपदकको छिनोफानो भएको छ । गण्डकी प्रदेशको पोखरा रङ्गशालामा शनिबार सम्पन्न खेलअर्न्गत एक हजार पाँच सय मिटर दौडको पुरुषतर्फ मुकेश पाल र महिलामा फुलमती रानाले स्वर्ण पदक जितेका छन् ।

त्रिभुवन आर्मी क्लबका मुकेशले तीन मिनेट ५२ दशमलव २१ सेकेन्ड समय खर्चदै स्वर्ण पदक जितेका हुन । सोही स्पर्धामा सशस्त्र प्रहरी बल (एपिएफ)का अजित यादव र नागेश्वर अहिर क्रमश : दोस्रो र तेस्रो भए । अजितले तीन मिनेट ५३ दशमलव ११ सेकेन्ड समय लगाउँदै दोस्रो भए भने नागेश्वरले तीन मिनेट ५६ दशमलव पाँच सेकेन्ड समय खर्चदै तेस्रो भए । सोही स्पर्धाको महिलातर्फ सशस्त्र प्रहरी बल (एपिएफ) की फुलमती रानाले त्रिभुवन आर्मी क्लबकी सरस्वती भट्टराईलाई पछि पार्दै स्वर्ण जित्न सफल भइन् । फुलमतीले चार मिनेट ३८ दशमलव १९ सेकेन्ड समय लगाउँदै पहिलो बनेकी हुन । रजत पदक विजेता सरस्वतीले चार मिनेट ४१ दशमलव ८० सेकेन्ड समय लगाइन् । सोही स्पर्धामा त्रिभुन आर्मी क्लबकी रेखा लिम्बूले कास्य पदक हात पारिन । उनले पाँच मिनेट ०३ दशमलव ८० सेकेन्ड समय खर्चदै तेस्रो स्थानमा रहेकी हुन् । त्यसैगरी आजै भएको सटपुटतर्फ तिलक विक र चन्द्रकला लामगादेले स्वर्ण जिते । त्रिभुवन आर्मी क्लबका तिलकले सोही क्लबका चित्रबहादुर वलीलाई पाजित गर्दै स्वर्ण जितेका हुन । सोही स्पर्धामा वलीले रजत पदक जित्दा बागमती प्रदेशका ललित रावतले कास्य पदकमा चित्त बुझाए ।

यसैगरी एक सय मिटर दौडको पुरुषतर्फ शिवराज पार्की र महिलामा सरस्वती चौधरीले स्वर्ण जिते । सशस्त्र प्रहरी बलका शिवराजले त्रिभुवन आर्मी क्लबका युवराज विकलाई पछि पार्दै स्वर्ण जितेका हुन् । स्वर्ण विजेता शिवराजले निर्धारित दूरी १० दशमलव ५९ सेकेन्डमा पूरा गरे । सोही स्पर्धामा आर्मीका युवराजले १० दशमलव ५८ सेकेन्ड समय लगाउँदै रजत पदक जिते भने त्रिभुवन आर्मी क्लबका डिल्ली भण्डारीले कास्य पदक जिते । उनले १० दशमलव ७० सेकेन्ड समय लगाए ।

सोही स्पर्धाको महिला विधामा स्वर्ण विजेता त्रिभुवन आर्मी क्लबकी सरस्वतीले लुम्बिनी प्रदेशकी निशा चौधरीलाई पराजित गर्दै स्वर्ण जितेकी हुन । उनले निर्धारित दूरी १२ दशमलव १३ सेकेन्डमा पूरा गरिन । सरस्वतीले स्वर्ण पदकसहित राष्ट्रिय कीर्तिमानसमेत कायम गरेकी छन् । उनले हिट चरणमा निशा चौधरीको नाममा रहेको रेकर्ड ब्रेक गर्दै नयाँ कीर्तिमान कायम गरेकी हुन् । निशाले हिट चरणमा १२ दशमलव १५ सेकेन्ड समय लगाएकी थिइन । सोही स्पर्धामा त्रिभुवन आर्मी क्लबकी रमिता थारुले कास्य जितिन् । रमिताले निर्धारित दूरी १२ दशमलव ९३ सेकेन्ड समय खर्चेकी थिइन् । त्यस्तै दश हजार मिटर दौडमा बागमती प्रदेशकी सन्तोषी श्रेष्ठले नेपाल पुलिस क्लबकी राजपुरा पछाडाई पाखा लगाउँदै स्वर्ण जितेकी थिइन् ।

"शिक्षा स्वास्थ्य र पुर्वाधार, समुन्नत पुतलीबजारको आधार"

## पुतलीबजार नगरपालिका
## नगर कार्यपालिकको कार्यालय
### प्रगतिनगर, स्याङ्जा, गण्डकी प्रदेश, नेपाल

## आ.व.०७९/८० को ढुंगा, गिट्टि, वालुवा उत्खनन् गरी बिक्री गर्ने कार्यको बोलपत्र आव्हान सम्वन्धी सूचना

**(Electronic Bid Only)**

**सूचना प्रकाशित मितिः २०७९/०६/३०(दोश्रो पटक)**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६४ को उपदफा १ (च) ले दिएको अधिकार प्रयोग गरी यस पुतलीबजार नगरपालिकाको निर्णयानुसार प्राकृतिक स्रोत कर असुली सम्बन्धी कार्य आ.व. २०७९/०८० को लागि ठेक्काद्वारा गराउन यो सूचना प्रकाशित गरीएको छ । मिति २०७९/०७/१५ गते दिनको १२ बजेभित्र कानूनी प्रक्रिया पुरा गरेका ईच्छुक फर्म/कम्पनीहरुले बोलपत्र फाराम दस्तुर रु ३०००।– जम्मा गरी बोलपत्र पेश गर्नुहुन सूचित गरिन्छ । अन्य थप जानकारीका लागि यस कार्यालयको सूचनापाटीं, तथा कार्यालयको वेभ साईट www.bolpatra.gov.np तथा कार्यालय समयभित्र यस नगर कार्यपालिकाको कार्यालयको राजश्व शाखामा सम्पर्क राख्न सकिनेछ ।

**ढुङ्गा, गिट्टि र वालुवा आदि प्राकृतिक स्रोतको उपयोगमा लिईने करको ठेक्का विवरण**

| आय ठेक्का नं. | नदि/खोलाहरुको विवरण | प्रारम्भिक वातावरणिय परिक्षण प्रतिवेदन २०७९ अनुसारको उत्खनन् गरिने घाटको विवरण | वार्षिक उत्खनन् गर्न सकिने परिमाण(घन मिटर) | न्युनतम ठेक्का अंक रु. मा (मु.अ.कर बाहेक) | बोलपत्र जमानत रकम( धरौटी रकम) | बोलपत्र फाराम दस्तुर |
|---|---|---|---|---|---|---|
| ०५/०७९/०८० | आर्धिंखोला र रिङदीखोलाको पुछार समेत | छिर्डिं, खल्लुवोट, राङखोला दोभान, लाम्पाटा, रिङदिखोला पुछार, गैरीजाँगर, बर्लाङ–वेलवास, हेलु–आर्धिंदोभान घाटसम्म | ५३९६७.५० | १३३३०६६७ | मु अ कर समेत कबोल गरेको अंक को ५% | ३०००।– |

प्रमुख प्रशासकीय अधिकृत

# पौडीमा एस्लीलाई तीन स्वर्ण

**पोखरापत्र संवाददाता**
**पोखरा, २८ असोज**

नवौं राष्ट्रिय खेलकुद अन्तर्गत पौडीतर्फ एनआरएनएकी एस्ली सापकोटा डंगोलले तीन स्वर्ण पदक जितेकी छन् पोखरास्थित फिस्टेल एकेडेमीको सर्ट कोर्समा शनिबार डंगोलले तीन स्वर्ण हात पारेकी छन् ।



डंगोलले महिला ५० मिटर बटरफ्लाई, १०० मिटर फ्री स्टाइल र २०० मिटर ब्याकस्ट्रोकमा स्वर्ण पदक जितेकी हुन् । उनले ५० मिटर बटरफ्लाईमा ३० सेकेन्डको समय निकालेकी थिइन् । आर्मीकी डुवाना लामाले ३२:१२ सेकेन्डको समय निकाल्दै रजत जित्दा नेपाल पुलिसका मेगन गुरूङले ३२:५२ मिनेटसहित कास्य जितिन् । त्यस्तै १०० मिटर फ्रि स्टाईलमा डंगोलले १ मिनेट २:८४ सेकेन्डको समय निकाल्दै स्वर्ण हात पारिन् ।

त्यस्तै आर्मीकी अनुशिया तन्डुकारले १ मिनेट १:८३ को समय निकाल्दै रजत जित्दा पुलिसकी मेगन गुरूङले १ मिनेट ६:२ को समय निकाल्दै कास्य जितिन । डंगोलले २०० मिटर ब्याकस्ट्रोकमा २ मिनेट ३६:४ सेकेन्डको समय निकाल्दै स्वर्ण जितिन् ।

रजत जितेकी बागमतीकी आर्जु थापा मगरले ३ मिनेट १७।९९ सेकेन्डको समय निकालिन् । कास्य जितेकी प्रदेश एककी उपासना राईले ४ मिनेट २८।८६ सेकेन्डको समय निकालिन । नवौं राष्ट्रिय खेलकुद अन्तर्गत पौडीको पुरुष २०० मिटर ब्याक स्ट्रोकमा एपीएफ क्लबका तेन्जिङ नामडोल रायन गुरुङले राष्ट्रिय कीर्तिमानसहित स्वर्ण जितेका छन् । तेन्जिङले २ मिनेट १६।२३ सेकेन्डको राष्ट्रिय कीर्तिमानको समय निकाल्दै स्वर्ण पदक जितेका हुन् ।

यसअघि सर्ट कोर्सको यो कीर्तिमान नाथन दोर्जे शेर्पाको नाममा रहेको थियो। उनले २०१९ मा यो कीर्तिमान बनाएका थिए । दोर्जेको २ मिनेट १६:५० सेकेन्डको कीर्तिमान रहेको थियो । तेन्जिङको यो दोस्रो स्वर्ण हो । यसअघि उनले ५० मिटर बटरफ्लाईमा स्वर्ण जितेका थिए । यस स्पर्धामा प्रदेश नम्बर एकका प्रारम्भ भण्डारीले २ मिनेट २३:६४ सेकेण्डको समय निकाल्दै रजत जित्दा एपीएफका सौरेन बहादुर सिंहले २ मिनेट २५:२३ सेकेन्डको समय निकाल्दै कास्य जिते १३ औं सागमा १५ सय मिटर फ्रि स्टाइलमा १७ मिनेट ४९ सेकेण्ड लगाएका त्रिभुवन आर्मी क्लवका नासीर याहा हुसेनले आज विहान भएको प्रतियोगीतामा १६ मिनेट ५० सेकेण्डमा दुरी पुरा गरेका हुन् । उनले यस अघि रहेको आफ्नै रेकर्ड व्रेक गरेका हुन । एनआरएनका आशिष साप्कोटाले १६ मिनेट ५७ सेकेण्डमा पुरा गरेका थिए । १५ सय फ्रि स्टाइलमा नासीरले स्वर्ण पदक जितेका छन् । शनिबार भएको २ सय मिटर पौडीमा त्रिभुवन आर्मी क्लवकै दोहना लामाले २ मिनेट ३१ सेकेण्डमा पुरा गर्दै गौरीका सिहंको २ मिनेट ३२ सेकेण्ड रहेको थियो । पौडी प्रतियोगीतामा २०३ जना खेलाडीहरु सहभागीता जनाएको नेपाल पौडी संघका अध्क्षय अशोक वज्राचार्यले जानकारी दिए । २५ मिटर हिट देखि १५ सय मिटर हिट सम्म हुने कार्यक्रमको भोली विहान ८ सय मिटर पौडी खेल प्रतियोगीताको फाइनल हुने वजाचार्यले बताए । नेपाल पौडी खेल संघका केन्द्रीय अध्क्षय अशोक वर्जाचार्यका अनुसार ४ स्ट्रोकमा २१ इभेन्टहरु संचालन हुने छन् । फ्रि स्टाइल , व्रेष्ट स्टोक, वटरफलाई , वटरपलाई व्याक स्टोक र आइ एम गरी समूहका खेलाडीले खेलमा प्रतिस्पर्धा गर्नेछन् ।

# तोकिएभन्दा बढी शुल्क लिने होटललाई जरिवाना

**पोखरापत्र संवाददाता**
**दमौली, २८ असोज**

जिल्ला प्रशासन कार्यालय तनहुँले तोकिएभन्दा बढी शुल्क लिने दुई होटललाई रु चार लाख जरिवाना गरेको छ । पृथ्वीराजमार्गअन्तर्गत तनहुँको व्यास नगरपालिकामा सञ्चालित दुई होटललाई प्रशासन कार्यालयले रु दुई लाखका दरले जरीवाना गरेको हो ।

व्यास नगरपालिकास्थित ग्रिनपार्क हाइवे रेष्टुरेण्ट र कल्चर भिलेज रिसोर्टले ग्राहकसँग कुनै वस्तुमा तोकिएभन्दा बढी मूल्य लिएको प्रमाणित भएपछि रु दुई/दुई लाखका दरले जरीवाना गरिएको सहायक प्रमुख जिल्ला अधिकारी काशीराम गैह्रेले जानकारी दिनुभयो । "ती दुई होटलले मूल्यसूचीभन्दा बढी मूल्य लिएर सामग्री बेचेको पटक-पटक गुनासो आएको थियो, हाम्रो टोलीले पनि स्थलगत अनुगमन गर्दा त्यो प्रमाणित भयो", गैह्रेले भन्नुभयो, "सोही आधारमा दुई होटललाई रु दुई लाखका दरले जरीवाना गर्ने निर्णय गरेका हौं ।" सहायक प्रजिअ गैह्रेका अनुसार दुवै होटललाई उपभोक्ता संरक्षण ऐन, २०७५ को दफा ३८ को खण्ड (ङ) बमोजिमको कसुर गरेको देखिएकाले सोही ऐनको दफा ३९ को उपदफा (१) को खण्ड (ख) बमोजिम रु दुई लाखका दरले जरीवाना गरिएको छ ।

उक्त जरीवाना असोज २७ गतेदेखि सात दिनभित्र प्रशासन कार्यालयको नाममा नेपाल बैङ्क दमौली शाखाको राजश्व शीर्षक नम्बर १४३१२ मा जम्मा गर्न निर्देशन दिइएको छ । "उक्त अवधिभर जरीवाना रकम नबुझाएमा सोही ऐनको दफा ३९ को उपदफा (४) बमोजिम थप कारवाही हुनेछ", गैह्रेले भन्नुभयो। प्रशासनको उक्त निर्णयमा चित्त नबुझेमा सात दिनभित्र उल्लेखित जरीवानाको पचास प्रतिशत रकम वाणिज्य विभाग काठमाडौंको धरौटी खातामा जम्मा गरेको सक्कलै भौचरको तेस्रो प्रतिसहित विभागका महानिर्देशक समक्ष पुनरावलोकनका लागि निवेदन गर्न सकिने जनाइएको छ ।

सहायक प्रमुख जिल्ला अधिकारी गैह्रेले यो निर्णयले अन्य होटललाई पनि सच्चिने मौका मिल्ने बताउनुभयो । "अन्य होटलमा पनि यस्तो कार्य भएको हुन सक्छ, प्रशासनले जरीवाना गरेको निर्णयले अरु होटल सञ्चालकलाई पनि झस्काउन सक्ने र सचेत हुने मौका मिल्छ", उहाँले भन्नुभयो । पृथ्वीराजमार्गअन्तर्गत तनहुँ खण्डमा सञ्चालित होटलहरूले ग्राहकसँग तोकिएभन्दा बढी मूल्य लिने गरेको गुनासो बेला-बेलामा आउने गरेको थियो ।

# नमुना टोल विकास संस्थाको पाँचौ साधारण सभा

**पोखरापत्र संवाददाता**
**पोखरा, २९ असोज**

पोखरा महानगरपालिका वडा नं ११ काहुँ रानीबगर स्थित नमुना टोल विकास संस्थाका पाँचौ साधारण सभा शनिवार सम्पन्न भयो ।




वडा नं ११ का वडा अध्यक्ष प्रेमप्रसाद कर्माचार्यले सभाको उद्घाटन गर्दे सवैको सहयोगले सहकारीलाइ अगाडि बढ्न सजिलो हुने भने ।

कोन सामुदायिक बचत तथा ऋण सहकारी संस्था लि.का अध्यक्ष तीर्थवहादुर बस्नेतले कुनै पनि सामाजिक संस्थामा सकारात्मक सोच लिएर अगाडि बढेमा राम्रो हुने भने । कार्यक्रममा संस्थालाइ प्रत्यक्ष रुपमा सहयोग गर्नेहरु क्रमश लक्ष्मी केसी, शर्मीला ताम्राकार, रामेश्वर आचार्य, पिताम्बर पोखेल, दौपती आचार्य र माला कामीलाइ सम्मान गरिएको संस्थाका कोषाध्यक्ष लक्ष्मी केसीले पोखरापत्रलाइ वताइन । नमुना टोल विकास संस्थाका अध्यक्ष कृष्णप्रसाद आचार्यको अध्यक्षतमा भएको कार्यक्रममा संस्थाका उपाध्यक्ष पिताम्बर पोखेलले स्वागत, सचिव विष्णु खातीले सचिवको प्रतिवेदन, कोषाध्यक्ष लक्ष्मी केसीले आर्थिक प्रतिवेदन र संस्थाका युवा समितिका संयोजक विष्णु प्रसाद आचार्यले धन्यवाद दिएका थिए ।

# कराँतेमा प्रहरीलाई २ र नेपाली सेनालाई एक स्वर्ण

**पोखरापत्र संवाददाता**
**पोखरा, २८ असोज**

नवौं राष्ट्रिय खेलकुद प्रतियोगिता अन्तर्गत पर्वतमा भएको सितोरियो कराँतेमा नेपाल प्रहरीले दुई स्वर्ण पदक ल्याउदा नेपाली सेनाले भने एक स्वर्ण पदक हात पार्न सफल भएको छ ।

नेपाल प्रहरीले महिला एकल काता र पुरुष तर्फको एकला कातामा स्वर्ण पदक ल्याउदा नेपाली सेनाले भने टिम काता तर्फको इभेण्टमा स्वर्ण पदक हात पार्न सफल भएको हो ।

महिला एकल कातामा प्रहरीकी चन्चला दनुवारले स्वर्ण पाउदा सोही इभेण्टको पुरुष तर्फ भने पुलिसकै स्वर्णीम मानन्धरले स्वर्ण पदक हात पार्न सफल भएका हुन्। महिला तर्फको उक्त इभेन्टमा आर्मीकी संगिता मगरले रजत पाउदा पुरुष तर्फ भने रेहात जावेतले रजत पद जितिन । त्यसै गरी टिम काता तर्फ भने नेपाली सेनाले स्वर्ण, प्रदेश नम्बर १ ले रजत र बागमती प्रदेश र नेपाल प्रहरीले कास्य पदक हात पारे । आइतबार विभिन्न इभेण्टमा खेलहरु हुने भएको छ ।


## आवश्यकता

यस आमाघर पाठशाला (निजि शैक्षिक गुठी) पोखरा-२२, पुम्दीभुम्दी कास्कीका लागि १ दक्ष अनुभवी शिक्षक आवश्यकता भएकाले तपसिलमा उल्लेखित योग्यता/क्षमता भएका इच्छुक व्यक्तिहरुले मिति २०७९/०७/०४ गतेभित्र दरखास्त पेश गर्न सकिने व्यहोरा अनुरोध गरिन्छ । विशेष कारणवस विद्यालयमा उपस्थित हुन नसकेमा इमेलबाट पनि दरखास्त दिन सकिनेछ ।

१. आवश्यक संख्या : १ जना
२. माध्यम : अंग्रेजी ३. तह : आधारभूत
४. शैक्षिक योग्यता : स्नातक, अनुभवीलाई विशेष प्राथमिकता दिइने छ ।
५. छनौट प्रक्रिया : लिखित, अन्तरवार्ता र कक्षा अवलोकन ।
६. सेवा सुविधा : विद्यालयको नियम अनुसार आकर्षक हुनेछ ।
७. पेश गर्नु पर्ने कागजातहरु : हस्तलिखित निवेदन, शैक्षिक प्रमाणपत्रको फोटोकपि, अनुभवको प्रमाणपत्र, नेपाली नागरिकताको फोटोकपि, तालिमका प्रमाणपत्रहरुको फोटोकपि र व्यक्तिगत विवरण संलग्न हुनुपर्ने छ ।
८. दरखास्त दिने मिति : २०७९/०६/३० गतेदेखि २०७९/०७/०४ गते विहान ११:०० बजेदेखि २:०० बजेसम्म (सार्वजनिक विदाको दिन विद्यालय बन्द रहनेछ ।)
९. दरखास्त शूल्क : रु. ५००/- मात्र ।

सम्पर्क: **आमाघर पाठशाला**
पोखरा-२२, पुम्दीभुम्दी, कास्की, ९८४६४५०४५०
Email.aamaghar68@gmail.com



## हार्दिक समवेदना



**जन्म:**
**वि.स. २०१३ माघ २३**

**स्वर्गारोहण:**
**वि.स. २०७९ असोज ०३**

**स्व. विद्या गुरुङ**

गुरुङ प्राज्ञिक तथा व्यावसायिक मञ्च नेपालका पूर्व अध्यक्ष तथा वर्तमान कार्यसमितिका सल्लाहकार श्री सुन्दर गुरुङज्यूकी धर्मपत्नी **विद्या गुरुङ**को ६६ वर्षको उमेरमा भएको अकल्पनीय, असामयिक दु:खद निधनले हामीलाई मर्माहत तुल्याएको छ । आज उहाँको अर्घौंको पूण्य तिथिमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै शोकसन्तप्त परिवारजनप्रति हार्दिक समवेदना व्यक्त गर्दछौं ।

**कमल गुरुङ**
**सचिव**

**तथा**

**रत्नमान गुरुङ**
**अध्यक्ष**

**गुरुङ प्राज्ञिक तथा व्यावसायिक मञ्च नेपाल (GIPFON)**
**पोखरा**



## गण्डकी प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम प्रतिष्ठान
## गण्डकी प्रदेश पोखरा, नेपाल

## लागत साझेदारीमा संचालन हुने कार्यक्रमको लागि प्रस्ताव/आवेदन पेश गर्ने सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति २०७९/०६/३०**

गण्डकी प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम प्रतिष्ठानको आ.व. २०७९/०८० को वार्षिक स्वीकृत संघीय सशर्त बजेट शिर्षक नं.३५००७०१२३ वाट दलित समुदायको परम्परागत पेशा, कला र सीपको संरक्षण, सम्वर्द्धनका लागि भगत सर्वजित सीपविकास कार्यक्रम (नौमती/पञ्चे बाजा, सिलाई मेशिन, परम्परागत आरनका सामाग्री) संचालन गर्न लागिएकोले उक्त कार्यक्रम संचालन मापदण्ड,२०७९ अनुसार गण्डकी प्रदेशमा स्थायी रुपमा बसोबास गर्ने दलित समुदायका व्यक्ति, समूह तथा संस्थाले यो सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र रीतपूर्वक यस प्रतिष्ठानमा तोकिएको ढाँचामा प्रस्ताव/आवेदन पेश गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ । थप सूचनाका लागि प्रतिष्ठानको वेवसाइट www.gtevta.org.np मा हेर्नुहुन अनुरोध गरिन्छ । थप जानकारीको लागि ९८४६०७११९०/९८५६०९८५६०६७३७९/९८५६०६७३७८ सम्पर्क गर्न सकिने छ ।

| क्र. सं. | कार्यक्रमको नाम | मापदण्डको नाम | प्रस्ताव/आवेदन कसले पेश गर्ने | तोकिएको ढाँचामा प्रस्ताव/आवेदन र तपसिल बमोजिमका कागजातहरु |
|---|---|---|---|---|
| १. | दलित समुदायको परम्परागत पेशा, कला र सीपको संरक्षण, सम्वर्द्धनका लागि भगत सर्वजित सीपविकास कार्यक्रम | दलित समुदायको परम्परागत पेशा, कला र सीपको संरक्षण, सम्वर्द्धन र व्यवसायिकरणका लागि भगत सर्वजित सीपविकास कार्यक्रम संचालन मापदण्ड, २०७९ | गण्डकी प्रदेशमा स्थायी रुपमा बसोबास गर्ने दलित समुदायका व्यक्ति, समूह, फर्म तथा संस्था | १.नागरिकताको प्रतिलिपि<br>२.सम्बन्धित वडाको सिफारिस(सोही प्रकृतिको सहयोग अन्य सरकारी निकायबाट नलिएको व्यहोरा खुलेको सिफारिस)<br>३. अनुसुचीमा तोकिए बमोजिमको स्वघोषणा पत्र तथा प्रस्ताव र न्युनतम ५% प्रतिशत लागत साझेदारी गर्न सम्बन्धी विवरण<br>४.दर्ता भएका फर्म/संस्थाको हकमा थप कागजात(दर्ता प्रमाणपत्र,नविकरणको प्रतिलिपि,करचुक्ताको प्रमाणपत्र समेतको प्रस्ताव)<br>५. सिलाइ मेशिन को हकमा परम्परागत व्यवसाय गरिरहेको वा ३ महिने सिलाई कटाइ तालिम सम्पन्न गरि प्रमाणपत्र लिएको |